माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७८ साल भाद्र १७गते माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो**

प्रस्तावहरु

१. गाउँपालिकाको प्रशासकीय भवनको Variation order (VO)सम्बन्धमा ।
२. वार्षिक समिक्षा सम्बन्धमा ।
३. वार्षिक खरिद योजना स्विकृत सम्बन्धमा ।
४. खरिद सम्बन्धमा ।
५.मर्कावाङ स्वास्थ्य चौकीको विस्तृत परियोजना प्रतिवेदन सम्बन्धमा।
६.आधारभुत तह कक्षा (६-८) मा अंग्रेजि,गणित, विज्ञान विषयमा शिक्षण सहयोग सम्बन्धमा ।
७.बैकल्पिक शिक्षा शिक्षण सहजिकरण सम्बन्धमा ।
८.वाल विकास केन्द्र स.का को पठनपाठन सहजिकरण सम्बन्धमा ।
९.आर्थिक सहायता सम्बन्धमा ।
१०."घ" वर्गको ठेक्का इजाजत सम्बन्धमा ।
११.आर्थिक सहायता सम्बन्धमा ।
१२. विज्ञापन खोल्ने सम्बन्धमा ।
१३. खाता फुकुवा सम्बन्धमा ।
१४. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

निर्णयहरु

१.निर्णय नं.१ प्रस्ताव १ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर,प्यूठानको आर्थिक वर्ष २०७६/०७७ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत" Construction Of municipality Office Building " MRM No /NCB ०७७/०७८ मिति २०७७ गते आँसु मल्लरानी पि.पि जेभि संग ठेक्का रकम रु.५२,७०,५१५६.६१(भ्याट र प्रोभिस्नल सम सहित) २०७९ आषाढ मसान्त सम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता भएको देखिन्छ । निर्माणाधिन माण्डवी गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको क्रममा BOQ मा भएका तपशिल बमोजिमका Items संशोधन VO तथा केही Items हरु थप गर्नुपर्ने भएकाले प्राविधिक शाखाले पेश गरको टिप्पणी र आदेश अनुसार VO गर्ने तथा थप गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | Items | संशोधन VO वा कार्य थप गर्नुपर्ने कारण |
|---|---|---|
| १. | Slope roof लाई Flat Roof मा संशोधन VO गर्नुपर्ने | Flat Roof लाई भविश्यमा समेत प्रयोग हुने गरि Structure वनाउनु पर्ने भएकाले,हल तथा कोठा थप्नु पर्ने भएकाले संशोधन गर्ने, BOQ मा छुटेका कारणले |

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| २. | Septice Tank | BOQ मा छुटेका कारणले |
| ३. | Water Tank | BOQ मा छुटेका कारणले |
| ४. | Masonry Wall | BOQ मा छुटेका कारणले |

निर्णय नं.२ प्रस्ताव २. माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक समिक्षा मिति २०७८/०६/३१ का दिन गाउँपालिका बहुउद्देश्यिय हल देविस्थानमा गर्ने निर्णय गरियो ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्नका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली अन्तर्गत वार्षिक खरिद योजना स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रम तथा आयोजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रहि खरिद गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. खानेपानी पाइप खरिद कार्यक्रम रु. ५ लाख

२. गरिब असहायका लागि तार,मिटर, मिटरबक्स र एम.सी.वि खरिद तथा वितरण कार्यक्रम रु. ५ लाख

३. भू-क्षय नियन्त्रणको लागि तारजाली खरिद कार्यक्रम रु.५ लाख

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत नेपाल सरकारको विशेष अनुदानमा प्राप्त "मर्कावाङ स्वास्थ्य चौकी निर्माण आयोजनामा प्राप्त रकमबाट कार्यक्रम कार्यान्वनका लागि बिस्तृत परियोजना प्रतिवेदन तयार गरि ठेक्का प्रणाली मार्फत कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव ६ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाका लागि शर्सत अनुदानमा प्राप्त वजेट तथा कार्यक्रम अन्तर्गत आधारभुत तह (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षण सहयोग अनुदानबाट तपशिलका विद्यालयमा अनुदान शिक्षक दिने निर्णय । नियमानुसार विज्ञापन खोली शिक्षक पदपुर्ति गर्ने निर्णय समेत गरियो ।

<u>तपशिल</u>

क) श्री ने.रा. प्रा.वि. थक्लेनी- माण्डवी गाउँपालिका वडा नं.१

ख) श्री गणेश आ.वि. ढिकावन - माण्डवी गाउँपालिका वडा नं.२

निर्णय नं. ७ प्रस्ताव नं.७ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक तथा निजि विद्यालयका प्र.अ.हरुको मिति २०७८ भाद्र १० गते बैठक बसि कोभिड-१९ को संक्रमणलाई मध्यनजर गरि बैकल्पिक शिक्षण सिकाई सहजिकरणका लागि बैठकबाट भएको

सिफारिसलाई अनुमोदन गर्दै विद्यालय व्यवस्थापन समिति, शिक्षण अभिभावक संघ समेतको बैठक बसि, कोभिड-१९ रोगको संक्रमणको अवस्थालाई मध्यनजर गरि स्वास्थ्य सुरक्षाका सावधानी अपनाउदै तपशिलका बैकल्पिक विधिबाट शिक्षण सिकाई सहजिकरण गर्ने निर्णय गरियो ।

क) अनलाईन विधिबाट शिक्षण सिकाई सहजिकरण गर्न सम्भव भएका विद्यालयहरुमा अनलाईन विधिबाट शिक्षण सिकाई सहजिकरण गर्ने ।

ख) मोबाइलबाट शिक्षण सिकाई सहजिकरण गर्न सम्भव भएका र सो विधिबाट शिक्षण सिकाई गरि रहेका विद्यालयले सो बैकल्पिक शिक्षण विधिलाई निरन्तरता दिने ।

ग) विद्यालयमा विद्यार्थिको चाँपलाई मध्यनजर गर्दै कक्षा कोठामा २५ जना भन्दा बढि विद्यार्थि एकैपटक नराख्ने गरि, आलोपालो (Sift) गरि विद्यार्थिलाई भौतिक उपस्थितिमा शिक्षण सहजिकरण गर्ने ।

घ) विद्यालयले स्वास्थ्यका मापदण्डको पूर्ण पालना गराउन,शिक्षक विद्यार्थिले अनिवार्य मास्कको व्यवस्था गर्ने,सावुन पानीको व्यवस्था गरि पटक-पटक सावुन पानीले हात धुन लगाउने गरि विद्यार्थिलाई शिक्षण सिकाई सहजिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत वालविकास केन्द्रका स.का. हरुलाई नेपाल सरकारले न्युनतम पारिश्रमिक दिने निर्णय भए पश्चात विद्यालय संचालन भएको दिन २:३० वजेपछि विद्यालय नछाडी ४ वजेसम्म विद्यालयमा वसि अन्य कक्षामा आवश्यकता अनुसार पठन पाठन गराउने गरि विद्यालयको प्र.अ.ले थप कक्षा पठन पाठन गर्ने गरि व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं.९ माथी छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ५ निवासी मिन बहादुर सुनारको मिति २०७८/०४/०१ का दिन परेको अविरल वर्षाका कारण घर भत्कीएको र निजको आर्थिक अवस्था समेत कमजोर भएकाले प्रहरी सर्जिमिन मुचुल्का, वडा कार्यालयको सिफारिस, पिडितको निवेदनका आधारमा राहत, उद्धार र पुनस्थापना शिर्षकबाट रु. २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि कागजात तथा प्रकृयाका सम्बन्धमा जाँचबुझ गर्न गठित समितिको सिफारिसका आधारमा तपशिलका निर्णय व्यवसायीलाई 'घ' वर्गको इजाजतपत्र दिने निर्णय गरियो ।

<u>तपशिल</u>

१. पदमा देवी योगी कन्स्ट्रक्सन एण्ड सप्लायर्स- माण्डवी गा.पा.-५

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ३ बस्ने देव बहादुर ठकुरीको छोरा विवेक ठकुरीको मिति २०७८/०५/११ गते परेको अविरल वर्षातका कारण गोठ, ट्वाइलेट,बाथरुम भत्किएको तथा निजको आर्थिक अवस्था कमजोर भएकाले वडा

कार्यालयको सिफारिस, प्रहरी सर्जिमिन मुचुल्का, निवेदन समेतका आधारमा राहत उद्धार तथा पुनर्स्थापना शिर्षकबाट रु.१५ हजार मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गतका तपशिल बमोजिमका क्रियाकलाप तथा शाखा संचालनका लागि आवश्यक पर्ने कर्मचारीका लागि विज्ञापन खोल्ने निर्णय गरियो ।

तपशिल

क) सामुदायिक स्वास्थ्य इकाई सल्लीखर्क - माण्डवी गाउँपालिका वडा नं. ४ मा स्थापना गरिएको सामुदायिक स्वास्थ्य इकाइका लागि १ जना स्टाफ नर्स/ अ.न.मि/अ.हे.व. र १ जना कार्यालय सहयोगी राख्ने निर्णय गरियो ।

ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.२,मिति २०७८/०४/०३ को प्राप्त पत्रानुसार कोभिड अस्थायी अस्पतालका लागि करारमा निरन्तरता दिने पत्रानुसार करारका लिएका कर्मचारी सम्पर्कमा नभएकाले पुन ६ महिनाका लागि करारमा नियुक्ति गर्नका लागि २ जना स्टाफ नर्श र १ जना कार्यालय सहयोगीको विज्ञापन खोल्ने निर्णय गरियो ।

ग) माण्डवी गाउँपालिका पशु विकास शाखामा कार्यरत कार्यालय सहयोगी कौशल अधिकारीको कार्यकुशलताका आधारमा निजलाई एक गाउँ एक प्राविधिकको रुपमा कामकाज गर्ने गरि आश्विन १ गते देखि नियुक्ति दिने तथा एक गाउँ एक प्राविधिक वालाराम भण्डारी र निम प्रसाद अधिकारी समेतलाई नेपाल सरकार शसर्त अनुदान शिर्षक "कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकको तलब भत्ताबाट र गाउँपालिकाको करार सेवा शुल्कबाट भूक्तानी दिने निर्णय गरियो । साथै कौशल अधिकारीको कार्यालय सहयोगीको रिक्त पदमा विज्ञापन अनुसार पदपुर्ति गर्ने निर्णय गरियो ।

घ) माण्डवी गाउँपालिका रिक्त रहेका पशु/ कृषि सेवा तर्फका प्राविधिक कर्मचारीहरु ३ जनाको पदपुर्तिका लागि नियमानुसार विज्ञापन खोली प्रत्येक वडा कार्यालयहरुमा कृषि/पशु विकासका कर्मचारीको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत नेपाल सरकारको विशेष अनुदानमा प्राप्त अरङखोलामा बृहत कृषि पकेट कार्यक्रम अन्तर्गत तपशिलका आयोजनाहरुको आषाढ मसान्त सम्ममा केही काम वाकी रहेका कारणले उपभोक्ता समितिको खाता रोक्का राखिएको थियो । उक्त आयोजनाहरुमा लिफ्ट प्राविधिकबाट सिंचाई गर्नुपर्ने र सोका लागि विद्युत आपुर्ति अनिवार्य हुन्छ । बुटवल पावर कम्पनीसंग उक्त स्थानहरुमा विद्युत भोल्टेज बढाई आयोजनामा संचालनका लागि पत्राचार हुँदा सम्म तत्काले भोल्टेज बढाउन नसकिने जानकारी प्राप्त भएकाले उक्त आयोजनाहरुको विद्युत जडान खर्च बाहेकको रकम कट्टा गरि बाँकी भूक्तानी प्राविधिक कर्मचारीको टिप्पणीका आधारमा रकम फुकुवा गर्ने निर्णय गरियो ।

तपशिल

१. आपचौर-मुकचौर कृषक समुहको -जडान खर्च रु.४००००।- बाँकी राखि खाता फुकूवा गर्ने

२. साउनेपानी कृर्षि तथा पशुपछीं समुह- माण्डवी गा.पा.-२ जडान खर्च रु.४००००।- बाँकी राखि खाता फुकुवा गर्ने ।

३. जलुके बुर्दी कृर्षि तथा पशुपछीं समुह-माण्डवी गा.पा.-४ जडान खर्च रु.१००००।- बाँकी राखि खाता फुकुवा गर्ने ।

निर्णय नं.१४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक सार्वजनिक सुनुवाई तथा आर्थिक वर्ष २०७८/०७९ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई मिति २०७८/०६/०४ गतेका दिन झुलेनी युनाइटेड नेटवर्क प्रा.लि. को सहजिकरणमा माण्डवी गाउँपालिकाको सभाहल देविस्थानमा संचालन गर्ने निर्णय गरियो ।

.................

**प्रमाणित गर्ने**

**शिसिर रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**